गोरखा नगरपालिका

Gorkha Municipality

# नगर कार्यपालिकाको कार्यालय

# Office of the Municipal Executive

डुम्रीडाँडा, गोरखा

Dumridanda, Gorkha

गण्डकी प्रदेश, नेपाल

Gandaki Province, Nepal

प. सं.:- २०७८/०७९ (शिक्षा, युवा तथा खेलकुद)

च.नं.:- 330

मिति: २०७८।११।२३

## विषय: सूचना।

प्रस्तुत विषयमा यस गोरखा नगरपालिकाको कक्षा १ देखि कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण भई कार्यान्वयनको चरणमा रहेको सन्दर्भमा पाठ्यक्रममा समावेश विषय वस्तुलाई कक्षाकोठामा सहज र सरल तरिकाले सम्प्रेशण गर्नका लागि पाठ्यक्रममा समावेश गरिएका विषय वस्तु समेटिने गरी कार्य पुस्तिका/सन्दर्भ पुस्तक लेखनका लागि विज्ञ आवश्यक भएकाले कार्य पुस्तिका/सन्दर्भ पुस्तक लेखनका लागि प्रतिस्पर्धात्मक मूल्याङ्कन विधिबाट विज्ञ छनौट गर्ने प्रयोजनका लागि देहाय अनुसारका इच्छुक विज्ञ वा विज्ञ समूहले आफूले लेख्न चाहेको कक्षाको यसैसाथ संलग्न स्थानीय पाठ्यक्रममा समावेश पाठ शीर्षकहरु मध्ये कुनै २ (दुई) वटा पाठको नमुना कार्य पुस्तिका/सन्दर्भ पुस्तक तयार गरी आफूले तयार गरेको नमुना कार्य पुस्तिका/सन्दर्भ पुस्तक सहित १५ दिनभित्र अर्थात २०७८।१२।०७ गतेभित्र गोरखा नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा बुझाउन यसै सूचनाद्वारा सूचित गरिन्छ।

पूनश्च: लेखकको योग्यता, कार्य पुस्तिका/सन्दर्भ पुस्तक मूल्याङ्कन तथा लेखक छनौट, जिम्मेवारी तथा भुक्तानी प्रक्रिया तपसिल अनुसार हुनेछ।

<u>तपसिल</u>

- विज्ञको शैक्षिक योग्यता कम्तीमा B. ed. हुनु पर्नेछ।
- आफूले लेख्न चाहेको कक्षाको कम्तीमा २ वटा पाठ शीर्षकको कार्य पुस्तिका/सन्दर्भ पुस्तकको नमुना पेश गर्नु पर्ने।
- प्राप्त कार्य पुस्तिका/सन्दर्भ पुस्तक मूल्याङ्कनका लागि यस कार्यालयद्वारा गठन गरिएको विज्ञ समूहमा पठाइनेछ।
- विज्ञ समूहले आवश्यक अध्ययन तथा मूल्याङ्कनबाट उत्कृष्ट ठहर्‍याई सिफारिस गरेको व्यक्ति वा समूहसँग कार्य पुस्तिका/सन्दर्भ पुस्तक लेख्नका लागि नगरपालिकाको तर्फबाट सम्झौता गरिनेछ।
- सम्झौता पश्चात व्यक्ति वा समूहले नगरपालिका द्वारा गठित विज्ञ समूहको प्रत्यक्ष निगरानी र निर्देशनमा तोकिएको समयभित्र लेखन कार्य गर्नु पर्नेछ।
- लेखन कार्य सकिएर CRC ( Camera Ready Copy) नगरपालिकामा बुझाएपछि निम्नुसार रकम नियम बमोजिम भुक्तानी गरिनेछ।
    1. कक्षा १, २ र ३ का लागि प्रति कक्षा प्रति कार्य पुस्तिका/सन्दर्भ पुस्तक रु. ४०,०००।०
    2. कक्षा ४ र ५ का लागि प्रति कक्षा प्रति कार्य पुस्तिका/सन्दर्भ पुस्तक रु. ४५,०००।०
    3. कक्षा ६, ७ र ८ का लागि प्रति कक्षा प्रति कार्य पुस्तिका/सन्दर्भ पुस्तक रु. ५०,०००।०

७८।११।२३

शाखा प्रमुख

*Phone: 064-420696 *Website: www.gorkhamun.gov.np *Email: gorkhamun@gmail.com, info@gorkhamun.gov.np
edu.gorkhamun@gmail.com

Scanned with CamScanner